# नेपालमा जलस्रोत तथा ऊर्जाविकास, मानवअधिकार र वातावरणसम्बन्धी काठमाडौं घोषणापत्र तथा कार्यक्रम, २०५७

२०५७ फागुन ५ काठमाडौँ

हामी २०५७ साल फागुन १ गतेदेखि ५ गतेसम्म नेपालमा जलस्रोत तथा ऊर्जा विकास, मानवअधिकार र वातावरणसम्बन्धी विषयमा काठमाडौँमा सम्पन्न पाँच दिने राष्ट्रिय परामर्श कार्यक्रममा देशभरिका करिब ३० वटा जल तथा ऊर्जासम्बन्धी विभिन्न चालु, निर्माणाधीन वा प्रस्तावित आयोजनाक्षेत्रबाट संस्थागत एवम् व्यक्तिगत हैसियतमा प्रतिनिधित्व गर्ने ८० जना सहभागीहरू नेपालमा जल तथा ऊर्जास्रोतको दिगो व्यवस्थापन र विकासका निमित्त निम्नबमोजिमको एक घोषणापत्र तथा कार्यक्रम पारित गरी यसलाई विभिन्न क्षेत्र र तहमा लागु गर्ने गराउन तथा आवश्यकताअनुसार आआ नो क्षेत्रमा यस्तै किसिमका घोषणापत्र र कार्यक्रमहरू पारित गर्दै अघि बढ्न दृढसङ्कल्पित भएका छौँ ।

(क) घोषणापत्र

१. विश्वमा बढ्दो जनसङ्ख्या गलत विकासका गलत दुष्परिणाम तथा पर्यावरणीय असन्तुलनका कारण जलसम्पदामाथिको बढ्दो चाप र वैकल्पिक ऊर्जास्रोत विकासको अभावका कारण राष्ट्रराष्ट्र र जनताहरूबीच जलसम्पदामाथिको स्वामित्व र उपभोगका सन्दर्भमा बढ्दो स्थानीय, अन्तरदेशीय, क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय द्वन्द्वप्रति सचेत हुँदै,

२. विश्वमा उपलब्ध जलसम्पदा हरेक मानवजाति र प्राणी जगतका साझा सम्पदा भएको तथ्यलाई स्वीकार गर्दै,

३. नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत स्वच्छ, स्वस्थ्य एवम् पर्याप्तमात्रामा पिउने पानीको अधिकारलाई हरेक व्यक्तिको आधारभँत मानवअधिकारका रूपमा स्वीकार गरिएको वास्तविकतालाई ध्यानमा राख्दै,

४. नेपाल जलस्रोतमा ज्यादै सम्पन्न देश भएर पनि गलत नेतृत्व, गलत नीति र गलत योजनाका कारण नेपाली जनताले पर्याप्तमात्रामा खानेपानी, सिँचाइ तथा जलविद्युत्का क्षेत्रमा अझ पनि उल्लेखनीय प्रगति गर्न नसकेको विगत र वर्तमानप्रति गम्भीर हुँदै,

५. जलसम्पदाको दिगो व्यवस्थापन र उपभोगका सम्बन्धमा सरकार तथा विदेशी राष्ट्र र ऋणदातृ समुदायबीच दीर्घकालीन दृष्टिकोण तथा समन्वयको अभावप्रति सचेत हुँदै,

६. नेपालकै व्यवस्थापन र सञ्चालनमा सम्पन्न हुनसक्ने सस्ता एवम् भरपर्दा जलस्रोतसम्बन्धी आयोजनाहरूलाई कार्यान्वयन गर्नुको सट्टा विदेशी पुँजी, विदेशी प्रविधि, विदेशी व्यवस्थापन र विदेशी स्वार्थमा अनावश्यकरूपमा ठँला बाँधसम्बन्धी विवादमा मुलुक डुबिरहेको अवस्थाप्रति दुखि:त हुँदै,

७. विभिन्न बहुउद्देश्यीय आयोजनाहरूलाई अनावश्यकरूपमा निहित स्वार्थका कारण महँगो बनाउनुका साथै एकल उद्देश्यका लागिमात्र निर्माण गरिने गलत परिपाटीको अन्त्य हुनुपर्ने माग गर्दै,

८. परम्परागतरूपमा समेत स्थानीय जनता र समुदायको साझा स्वामित्व र उपभोगमा रहेका जलसम्पदाहरूलाई आर्थिक भँ मण्डलीकरण र खुलाबजार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने नाममा स्वदेशी तथा विदेशी व्यापारिक लगानीकर्ता संस्था र कम्पनीहरूलाई स्वामित्व हस्तान्तरण गर्ने षड्यन्त्रप्रति विरोध जनाउँदै,

९. खराब एवम् महँगा जलविद्युत् आयोजनाहरूको सट्टा अन्य वैकल्पिक ऊर्जास्रोतको विकासप्रति स्पष्ट सरकारी नीति, कार्यक्रम र प्रोत्साहनको अभावप्रति सङ्केत गर्दै,

pdfMachine by Broadgun Software

१०. जलस्रोतको विकासको मुख्य उद्देश्य नेपाल र नेपाली जनताको विकास र समुन्नति हुनुको सट्टा अनुचित व्यापारिक लाभ एवम् विदेशी स्वार्थमुखी भएको दुःखद परिस्थितिप्रति आपत्ति जनाउँदै,

११. वर्तमान परिप्रेक्ष्यमा नेपालमा जलस्रोतको बहुपक्षीय विकास र नाफामा आधारित निर्यात प्रणालीलाई व्यवस्थित गर्न आवश्यक जल, विद्युत् र वातावरणसम्बन्धी नीति, ऐन, नियम र व्यवहारको गम्भीररूपमा अभाव रहेको अवस्थाप्रति ध्यान दिँदै,

१२. सही रणनीति, कानुन र योजनाको कार्यान्वयन हुन सकेमा नेपालमा उपलब्ध जलसम्पदा समस्त नेपाल र दक्षिण एसियाकै निमित्त बरदान साबित हुनसक्ने संभावनाप्रति लक्षित हुँदै,

१३. जलसम्पदा तथा ऊर्जास्रोतको विकाससम्बन्धी नीतिनिर्णयहरू सम्बन्धित क्षेत्रका हकवाला जनता, उपभोक्ता र नागरिकहरूको सुसँचित सहभागिताको अभावमा निर्माण गरिएका कारण तनाव, द्वन्द्व, अपारदर्शिता र भ्रष्टाचारका घटनाहरूमा भइरहेको वृद्धिप्रति सतर्क हुँदै,

१४. जल तथा ऊर्जास्रोतसम्बन्धी नीतिनिर्णय र कार्यान्वयनका सिलसिलामा नेपाल र नेपाली जनतालाई उचित फाइदा नहुनेगरी गलत मनशाय वा गलत प्रक्रियामार्फत् गलत निर्णय गर्ने पदाधिकारी तथा निकायहरूमाथि सार्वजनिक पदबाट निष्काशन र कडा आर्थिक दण्ड गर्नेजस्ता विषयमा नयाँ कानुन र अनुगमन गर्ने निकायको आवश्यकतामाथि जोड दिँदै,

१५. कुनै पनि आयोजनाका लागि ऋण वा सहायता लिँदा गाँसिएर आउने सर्तहरूलाई अनिवार्यरूपमा संसदसमक्ष अनुमोदनका लागि पेस गर्नुपर्ने आवश्यकतातर्फ ध्यान दिँदै,

१६. नेपालमा जलस्रोत तथा विद्युत्को विकास र उपयोगसँग सम्बन्धित सम्पूर्ण सँचनाहरू पारदर्शी हुनुपर्ने एवम् जल तथा विद्युत्को उपयोग र खपतको स्थिति र सम्भावनाबारे नयाँ रणनीति र प्राथमिकता निर्धारण गर्नुपर्ने आवश्यकता औँल्याउँदै, तथा

१७. विश्वमा जल तथा ऊर्जास्रोतको सही व्यवस्थापनको अभाव तथा ठूला एवम् खराब बाँधहरूले निम्त्याएका नकारात्मक परिणामहरूको व्यापक अध्ययन गरी विश्व बाँध आयोगले जल तथा ऊर्जास्रोतको व्यवस्थापन र उपभोगसँग सम्बन्धित सबै पक्षहरूका निमित्त भविष्यमा निर्णय गर्नका लागि तल्लो तटीय अधिकारका सवालमा बाहेक अघि सारेका नीति तथा मापदण्डहरूप्रति समर्थन जनाउँदै,

(ख) जलविद्युत् विकाससम्बन्धी नयाँ नीतिका सम्बन्धमा

१. जलविद्युत्सम्बन्धी प्रस्तावित रणनीतिका सम्बन्धमा जल तथा विद्युत् उपभोक्ताहरूलाई कुनै जानकारी नभएकाले यसलाई सार्वजनिक गरी राष्ट्रिय तहमा बहस चलाउनुपर्ने,

२. उक्त जलविद्युत् रणनीतिले स्वदेशी पुँजी, स्वदेशी लगानी, स्वदेशी ज्ञान र राष्ट्रिय हितलाई भन्दा पनि विदेशी पुँजी, विदेशी लगानी, विदेशी प्रविधि र विद्युत्को निर्यातमुखी नीतिलाई प्राथमिकता दिएको हुनाले यसमा व्यापक सुधार, संसोधन र परिवर्तन गर्नुपर्ने, तथा

३. ग्रामीण विद्युतीकरण, सस्तो एवम् सुलभ मँल्यमा विद्युत्को उत्पादन र वितरण तथा विद्युत्को निर्यातभन्दा पनि विद्युत्जन्य वस्तुहरूको उत्पादन र निर्यातलाई प्राथमिकता दिनुपर्ने ।

(ग) जलस्रोतसम्बन्धी प्रचलित ऐन तथा नियमावलीका सम्बन्धमा

pdfMachine by BroadGun Software

१. ऐनको दफा ३ मा संसोधन गरी जलस्रोतमाथिको स्वामित्व नेपाल सरकारमा नभई स्थानीय गाउँ विकास समिति तथा जिल्ला विकास समितिमार्फत स्थानीय जनतामा हुनुपर्ने व्यवस्था गर्नुपर्ने,

२. ऐनको दफा ७ मा संसोधन गरी जलस्रोतको विकास गर्दा निम्नबमोजिम प्राथमिकता निर्धारण गरी सोको अनिवार्य कार्यान्वयन गर्नुपर्ने:

(क) खानेपानी तथा घरेलु उपयोग

(ख) सिँचाइ

(ग) पशुपालन, मत्स्यपालनजस्ता कृषिजन्य उपयोग

(घ) घरेलु उद्योग

(ङ) जलविद्युत्

(च) औद्योगिक व्यवसाय तथा खानीजन्य उद्योग

(छ) जल यातायात

(ज) आमोदप्रमोदजन्य उपयोग

(झ) अन्य उपयोग ।

३. ऐनको दफा ८(५) अनुसार जलस्रोतको विकास र उपयोगबापत नेपाल सरकारलाई प्राप्त हुने दस्तुर तथा वार्षिक शुल्कको घटीमा पनि १० प्रतिशत सम्बन्धित जिल्ला र गाउँ विकास समितिलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने,

४. दफा ९ मा संसोधन गरी जलस्रोतको सर्वेक्षण तथा उपयोगका निमित्त अनुमति प्रदान गर्दा उक्त ऐनको दफा ८ बमोजिमको व्यवस्था सबै अवस्थामा अनिवार्य गराउनुपर्ने,

५. ऐनको दफा १० मा संसोधन गरी नेपाल सरकारले जलस्रोतको उपयोग र विकास गर्नका निमित्त कुनै पनि निर्णय गर्दा जलस्रोत ऐनमा भएका व्यवस्थाहरूको अनिवार्यरूपमा पालना गर्ने, स्वेच्छाचारीरूपमा ऐनमा भएका व्यवस्थाविपरीत हुने गरी कुनै पनि निर्णय गर्न नपाउने तथा स्थानीय स्वायत्त शासनसम्बन्धी ऐन र विकेन्द्रीकरणको सिद्धान्त र लाभाङ्शको उचित बाँडफाँडसमेतको सिद्धान्तका आधारमा उक्त जलस्रोत रहेको गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको अग्रीम स्वीकृति प्राप्न गर्नुपर्ने,

६. ऐनको दफा १२ मा संसोधन गरी नेपाल सरकारले जलस्रोत ऐन तथा अन्य प्रचलित कानुनको विपरीत हुने गरी कुनै पनि स्वदेशी वा विदेशी कम्पनी वा सङ्गठित संस्थालाई जलस्रोतको विकास, उपयोग र सेवा विस्तार आदिका सम्बन्धमा स्वविवेकका आधारमा कुनै पनि करार गर्न नपाउने तथा यसरी करार गर्ने अर्को पक्ष वा कुनै पनि व्यक्ति नभई अनिवार्यरूपमा स्थापित कम्पनी वा सङ्गठित संस्था नै हुनुपर्ने व्यवस्था गर्ने, ७. ऐनको दफा १६ मा संसोधन गरी जलस्रोतको विकासका निमित्त नेपाल सरकारले कसैको घरजग्गा प्राप्त गर्दा प्रचलित बजार भाउमा फरक नपर्ने तथा विस्थापित व्यक्ति वा परिवारको आम्दानी र जीवनस्तरमा कमी नआउने गरी मुआब्जा, क्षतिपँर्ति वा पुनर्स्थापनाको व्यवस्था गर्नुपर्ने तथा सार्वजनिक, ऐलानी र पर्ती जग्गाबापतको मुआब्जा र क्षतिपँर्ति सम्बन्धित गाउँ विकास समिति वा विद्यालयलाई दिने व्यवस्था गर्नुपर्ने,

८. कुनै पनि बहुउद्देश्यीय आयोजनालाई एउटामात्र उद्देश्य र प्रयोजनका निमित्त अनुमति दिन रोक लगाउने गरी नयाँ व्यवस्था गर्नुपर्ने,

pdfMachine by BroadGun Software

९. ऐनको मुख्य उद्देश्य र व्यवस्थाविपरीत हुनेगरी बनेका नियमावलीहरूमा आवश्यक संसोधन गर्नुपर्ने,

१०. वातावरणसँग सम्बन्धित विद्युत् ऐनमा भएको व्यवस्थालाई वातावरण संरक्षण ऐन अनुकँल बनाउनुपर्ने,

(घ) विद्युत्सम्बन्धी प्रचलित ऐन तथा निमयावलीका सम्बन्धमा

१. ऐनको दफा ११ मा संसोधन गरी जलविद्युत्बापत प्राप्त हुने सलामी दस्तुर (रोयल्टी) को कम्तीमा पनि ५० प्रतिशत आयोजना प्रभावित क्षेत्रका निमित्त छुट्याउने व्यवस्था गर्नुपर्ने,

२. ऐनका दफा १७ र १८ मा आवश्यक संसोधन गरी नेपाल सरकार वा सम्बन्धित निकायले विद्युत् महसुल निर्धारण गर्दा नेपाली जनताको क्रयशक्ति र औद्योगिक प्रतिष्ठानहरूको छिमेकी मुलुकहरूसँगको प्रतिस्पर्धात्मक क्षमतालाई ध्यानमा राख्नुपर्ने, विद्युत् उत्पादन हुने क्षेत्रका आयोजनाबाट प्रत्यक्षरूपमा प्रभावितहरूका निमित्त प्रचलित मँल्यमा ५० प्रतिशत सहुलियत दिनुपर्ने, विद्युत् महसुलमा वृद्धि गर्ने अनिवार्य सर्तमा ऋण वा सहायता प्राप्त कार्यमा रोक लगाइनुपर्ने तथा स्वदेशभित्र खपत गर्ने गरी विद्युत् खरिद गर्ने आधार, सर्त र मापदण्ड एउटै हुने व्यवस्था गर्नुपर्ने,

३. ऐनको दफा ३४ र ३५ मा संसोधन गरी जलस्रोत, विद्युत्, वन र वातावरण संरक्षणसँग सम्बन्धित ऐनहरूको विपरीत हुने गरी नेपाल सरकारले स्वविवेकका आधारमा विद्युत्को उत्पादन वा विकास गर्न, करारमा कसैलाई पनि विद्युत् उत्पादन, प्रसारण र वितरणको अनुमति दिन नपाउने तथा व्यक्तिसँग यस्तो कुनै पनि करार वा सम्झौता गर्न नपाउने व्यवस्था गर्नुपर्ने,

४. वातावरणसँग सम्बन्धित विद्युत् ऐनमा भएको व्यवस्थालाई वातावरण संरक्षण ऐन अनुकँल बनाउने,

५. ऐनको मुख्य उद्देश्य र व्यवस्थाविपरीत हुने गरी बनेका नियमावलीहरूमा आवश्यक संसोधन गर्ने ।

(ङ) वातावरण संरक्षणसँग सम्बन्धित प्रचलित ऐन तथा नियमावलीका सम्बन्धमा

१. वातावरण संरक्षणसम्बन्धी ऐनमा संसोधन गरी नेपालले अनुमोदन गरेका वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूमा भएका प्रावधानहरूलाईसमेत नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार कानुनी प्रभावकारिता प्रदान गर्नुपर्ने,

२. ऐनमा सँचनाको हकसम्बन्धी स्पष्ट व्यवस्था नभएको हुनाले संविधानको धारा १६ तथा अरूण ३ आयोजनासम्बन्धी मुद्दामा सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्त र सँचना माग्ने तथा प्राप्त गर्ने कार्यविधिलाई ऐन एवम् नियमावलीमा समावेश गरिनुपर्ने,

३. वातावरणीय प्रभावको प्रारम्भिक वा पँर्ण मँल्याङ्कनसम्बन्धी कार्य गर्ने निकाय आयोजनामा संलग्न कुनै सङ्गठित संस्था वा कम्पनीबाट पँर्णरूपले स्वतन्त्र निकाय हुनुपर्ने तथा यसरी अध्ययन गर्ने टोलीमा अनिवार्यरूपमा स्थानीय प्रतिनिधि र स्वतन्त्र विशेषज्ञको समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने,

४. वातावरणीय प्रभाव मँल्याङ्कनसम्बन्धी प्रतिवेदनहरू कम्तीमा पनि नेपाली तथा अन्य राष्ट्रिय भाषामा तयार गरी आयोजनाका लागि अनुमति दिनुभन्दा कम्तीमा पनि ६ महिना पहिले स्थानीय निकाय र प्रभावित जनताहरूलाई उपलब्ध गराउनुपर्ने,

५. वातारणीय प्रभाव मँल्याङ्कन प्रतिवेदनका सम्बन्धमा सुझाब दिने अवधि सँचना प्रकाशित भएको मितिले कम्तीमा पनि ३ महिना हुनुपर्ने तथा त्यसरी प्राप्त सुझाबहरू के कसरी समावेश गरिए वा गरिएनन् कारणसहित त्यसको लिखित जानकारी सम्बन्धित व्यक्ति वा निकायलाई दिनुपर्ने,

pdfMachine by BroadGun Software

६. वातावरणीय प्रभाव मँल्याङ्कन प्रतिवेदनअनुसार कुनै कार्य नभएका कारण पुगेको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय क्षतिबापत के आधारमा के कति र के कसरी क्षतिपँर्ति प्राप्त गर्ने हो र सम्बन्धित दोषी व्यक्ति तथा निकायलाई के कति सजाय गर्न सकिने हो भन्ने सम्बन्धमा ऐन तथा निमयावलीमा स्पष्ट व्यवस्था हुनुपर्ने, तथा

७. कुनै आयोजनाका सम्बन्धमा स्वीकृत भइसकेको वातावरणीय प्रभाव मँल्याङ्कन प्रतिवेदन आयोजनासँग सम्बन्धित सबै पक्षहरूलाई कानुनसरह लागु हुने व्यवस्था गर्नुपर्ने ।

(च) कार्यक्रमहरू:

स्थानीय तहमा

१. नियमितरूपमा जल तथा ऊर्जास्रोतको निजीकरण र स्वामित्व हस्तान्तरणका विरुद्ध व्यापक जनमत सिर्जना गर्ने तथा यसको वैकल्पिक विकास र उपयोगका सम्बन्धमा अध्ययनअनुसन्धान, स्थलगत अध्ययन, भ्रमण, अन्तरक्रिया, जनचेतना, जनसङ्गठन, जनपरिचालन र जनदबाबका कार्यहरू गर्ने,

२. हरेक आयोजनाहरूको प्रारम्भिक अध्ययन, तयारी, कार्यान्वयन, सञ्चालन र अनुगमनमा प्रभावित क्षेत्रका जनता तथा उपभोक्ताहरूको सुसँचित सहभागिता एवम् संलग्नता अनिवार्य गर्ने गराउने,

३. आयोजनासम्बन्धी हरेक सँचना र कागजपत्रहरूलाई निर्णय हुनुभन्दा घटीमा पनि ६ महिना पहिले नै अनिवार्यरूपमा राष्ट्र भाषा तथा प्रमुख क्षेत्रीय/स्थानीय भाषामा उपलब्ध गराउने तथा जल तथा ऊर्जा र वातावरणसम्बन्धी नीति, कानुन, नियम र विश्व बाँध आयोगको प्रतिवेदनको व्यापक प्रचारप्रसार गरी जनस्तरबाट नीतिनिर्माता र राजनीतिक पार्टीहरूसँग नियमितरूपमा सार्थक बहस चलाउने,

४. हरेक आयोजनाका लागि हुने प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय मँल्याङ्कन प्रतिवेदन तयार गर्दा स्थानीय उक्त अध्ययन समितिमा प्रभावित क्षेत्रका जनता, सामुदायिक सङ्गठन, उपभोक्ता समँह तथा जनप्रतिनिधिहरूले रोजेका व्यक्ति वा विशेषज्ञहरूलाई समानुपातिक सङ्ख्यामा अनिवार्यरूपमा सहभागी गर्ने गराउने,

५. आयोजनाका लागि घरजग्गाको मुआब्जा निर्धारण गर्दा विस्थापित हुने व्यक्ति वा परिवारको हित र आवश्यकतालाई ध्यानमा राखी निजको सहमतिले नगदको सट्टा घरजग्गा उपलब्ध गराउने तथा उनीहरूको पुनर्वास (आवास, बाटोघाटो, पुल, यातायात, विद्यालय तथा क्याम्पस, स्वास्थ्य सेवा, बागबगैँचा, मनोरञ्जनका साधन तथा आयमँलक कार्यक्रम आदिको जिम्मा आयोजना निर्माणकर्ता र लगानीकर्ताले लिनेगरी कार्य अग्रिमरूपमा करारस्वरूप सुनिश्चित गर्ने,

६. आयोजना प्रभावित क्षेत्रका आदिवासी, जनजाति, महिला, बालबालिका र वृद्धहरूका निमित्त विशेष पुनर्स्थापन, रोजगारी र विकास कार्यक्रमहरू लागु गर्ने गराउने,

७. कुनै पनि आयोजनामा स्थानीय तह र क्षेत्रमा उपलब्ध प्राविधिक, बेरोजगार र प्रभावित परिवार तथा व्यक्तिहरूलाई रोजगारीमा प्राथमिकता दिने तथा आयोजनाको प्रकृति र आवश्यकताअनुसार आयोजना प्रभावितहरूलाई रोजगारीमा संलग्न गराउनका निमित्त अग्रिमरूपमा तालिमको व्यवस्था गर्ने, तथा

८. आयोजनाका लागि स्थानीय प्राकृतिक स्रोत र सम्पदा (जल, जङ्गल, जमीन, ढुङ्गा, बालुवा, माटो आदि) निःशुल्करूपमा उपलब्ध गराएबापत आयोजनाबाट हुने कँल आम्दानीको कम्तीमा पनि १० प्रतिशत सम्बन्धित गाउँ विकास समिति तथा नगरपालिकाहरूलाई अनिवार्यरूपमा उपलब्ध गर्ने गराउने ।

राष्ट्रिय तहमा

१. उपर्युक्त उद्देश्य र कार्यक्रमहरूलाई राष्ट्रव्यापीरूपमा लागु गर्ने गराउने सन्दर्भमा हाल कम्तीमा पनि वातावरणीय प्रभाव मँल्याङ्कनको अभावमा लागु गरिएका विभिन्न आयोजनाहरूका हकमा नयाँ वातावरणीय प्रभाव मँल्याङ्कन ( जस्तै, कोशी, कुलेखानी आदि) प्रतिवेदन तयार गरी विश्व बाँध आयोगले विकसित गरेका अध्ययन एवम् मँल्याङ्कन प्रक्रिया र नीतिगत मापदण्डहरूका आधारमा नेपालमा हालसम्म निर्माण भएका बाँधहरूको फाइदा र बेफाइदाबारे अध्ययन गरी तिनको प्रतिवेदन सार्वजनिक गर्ने गराउने,

pdfMachine by Broadgun Software

२. राष्ट्रिय तहमा जलस्रोत, ऊर्जा, मानवअधिकार, वातावरण र विकासका क्षेत्रमा कार्यरत विशेषज्ञ र सम्बन्धित सङ्घसंस्थाहरूसँग आवश्यकताअनुसार सहकार्य गर्ने तथा यी विषयमा उपलब्ध सँचना र सामग्रीहरू सङ्कलन गरी एक सार्वजनिक सँचना केन्द्र तथा पुस्तकालयको निर्माण गर्ने, तथा

३. प्राकृतिक स्रोत र सम्पदासँग सम्बन्धित विवादहरूको शान्तिपर्ँण समाधानका निमित्त विभिन्न संवाद र मध्यस्थताका कार्यहरू गर्ने तथा आवश्यक परेमा प्रभावकारी न्यायिक उपचारको बाटो अबलम्वन गर्ने तथा विश्व बाँध आयोगको प्रतिवेदनका निष्कर्ष र सुझावहरूलाई नेपालको सर्वोत्तम हित हुने गरी राष्ट्रिय नीति तथा कानुनमा समावेश गर्ने गराउने ।

अन्तर्राष्ट्रिय तहमा

१. नेपालमा आजसम्म मुख्य लगानीकर्ता वा ऋणदाताका रूपमा देखिएका विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्य विदेशी बैङ्क र बहुराष्ट्रिय कम्पनी तथा मित्रराष्ट्रहरूबाट हुने कुनै पनि आर्थिक, भौतिक एवम् वैज्ञानिक सहयोग आदानप्रदान गर्दा नेपालका स्थापित राष्ट्रिय नीति, कानुन र प्राथमिकताहरूमा प्रतिकँल असर पर्ने गरी कुनै पनि पँर्वसर्तहरूको विरोध गर्ने तथा त्यस्ता अनुचित पँर्वसर्तहरूको खारेजीका निमित्त विभिन्न अभियान र आन्दोलनहरू सञ्चालन गर्ने, तथा उनीहरूले नेपालमा गर्ने लगानी तथा सहयोगको मापदण्डका रूपमा संयुक्त राष्ट्रसङ्घअन्तर्गत विकसित मानवअधिकार, वातावरण र विकाससम्बन्धी विभिन्न घोषणापत्र तथा सन्धिसम्झौताहरूका नीति र मापदण्ड एवम् यस्ता सन्धिसम्झौताहरूमार्फत सिर्जना भएका नेपालका अन्तर्राष्ट्रिय दायित्वहरूमा प्रतिकँल असर पर्ने कुनै पनि कार्य नगर्न नगराउन बाध्य गर्ने,

२. विश्व बैङ्क र एसियाली विकास बैङ्कजस्ता वित्तीय संस्थाहरूलाई विकास आयोजनामा लगानी गर्ने सम्बन्धमा विकसित आ नो आन्तरिक नीति, मापदण्ड र कार्यविधिहरूलाई अनिवार्यरूपमा पालना गर्न लगाउने,

३. मानवअधिकार, वातावरण र दिगो विकाससम्बन्धी मान्य सिद्धान्त, मापदण्ड र अन्तर्राष्ट्रिय कानुनविपरीत कार्य गर्ने वित्तीय संस्था, राष्ट्र र बहुराष्ट्रिय कम्पनीहरूका विरुद्ध अन्तर्राष्ट्रिय जनमत सिर्जना गर्ने तथा संयुक्त राष्ट्रसङ्घ, विभिन्न देशका राष्ट्रिय अदालत तथा विश्व बैङ्क र एसियाली विकास बैङ्कअन्तर्गत स्थापित अनुगमन निकाय (इन्स्पेक्सन प्यानल) हरूमा विभिन्न निवेदन र उजुरीहरू दर्ता गरी हरबखत नेपाल र नेपाली जनताको हक र हितका निमित्त कार्य गर्ने, तथा

४. नेपाल, भारत र बङ्गलादेशबीच सपन्याय र समानुपातिक लाभको सिद्धान्तमा आधारित जल व्यवस्थापन, वातावरण संरक्षण र दिगो विकासका निमित्त विभिन्न देशका समँह, अभियान, विशेषज्ञ र नीतिनिर्माताहरूबीच नियमित अन्तरक्रिया, सभा, सम्मेलन र अनुभव आदानप्रदान कार्य गरी आवश्यकताअनुसार सामँहिक अभियान र आन्दोलनहरू संचालन गर्ने ।

(छ) सङ्गठन र संरचना

१. नेपालमा हिमालय पर्वत, जल, जङ्गल र जमीनमाथि भइरहेको अनुचित अतिक्रमण र स्वामित्व हस्तान्तरणको गतिलाई ध्यानमा राख्दा निकट भविष्यमा नै एक प्राकृतिक सम्पदा संरक्षण एवम् उपभोक्ता महासङ्घको आवश्यकता महशुस गरिएकोले यस उद्देश्यको प्राप्तिका निमित्त सामुदायिक वन र सिँचाइका क्षेत्रमा जस्तै जलविद्युत्, ऊर्जा, खानेपानी र हिमालय पर्वतका सन्दर्भमा पर्यटन क्षेत्रका उपभोक्ताहरूसमेतको सहभागिता र नेतृत्वमा विभिन्न तहमा सङ्घ, सङ्गठन र महासङ्घहरूको निर्माण कार्य प्रारम्भ गर्ने तथा भइरहेका सङ्घ, सङ्गठन र महासङ्घहरूसँगको सहकार्यलाई अघि बढाउने,

२. सङ्गठन निर्माण र अभियान सञ्चालनको यस चुनौतिपर्ँण कार्यलाई साकार रूप दिनका लागि हाल राष्ट्रिय जल तथा ऊर्जा उपभोक्ता महासङ्घको स्थापना गरी एक तदर्थ समिति गठन गर्ने, तथा

३. जल तथा ऊर्जा उपभोक्ता महासङ्घ नेपाल, राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासङ्घ नेपाल र सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालसमेतको संयुक्त प्रयासमा प्राकृतिक सम्पदा संरक्षण एवम् उपभोक्ता महासङ्घको गठन कार्य प्रारम्भ गर्ने । )

pdfMachine by Broadgun Software